## लोक माया चौधरी

दिदी तपाईलाई कार्यक्रम हाम्रो छलफलमा स्वागत छ । अह.....आफ्नो बारेमा छोटो परिचय दिनुस । त्यस पछाडि कहाँ जन्मिनु भएको हो कसरी जन्मिनु भयो बाल्यकालबारे हामीलाई भनिदिनुस् न है ।

धन्यवाद सर्बप्रथम नमस्कार मेरो नाम लोक माया चौधरी हो । मेरो घर देउखुरी राप्ती गाउँपालिका वडा नम्बर दुईमा पर्छ । म जन्मेको ठाउ राप्ती गाउँपालिका वडा नम्बर चारमा हो पहिले साबिक वडा न पाँच थियो । अहिले गउँपालिका भएर वडा न चार भएछ माइतको र मेरो चाहिँ दुई हो । अह... यति हो मेरो परिचय र भन्नुपर्दा म पहिला यहि देउखुरीमा जन्मेर विवाह भएपछि म लगभग एक बर्ष जति सिन्धुलीमा बसे र फेरी म आफ्नै माइतमा आएँ । अब भनौ यो त अशिक्षित भएको कारणले पनि म आफू धेरै पछाडि परे र समाज पनि पछाडि परेको छ । अब त अहिले त त्यस्तो छैन पहिला थियो । अहिले म यो हाम्रो नयाँ बस्तीमा बस्छु । मेरो समाजमा सबै कमैयाको घरमा बसेर आएर एउटा समाज गाउँ बनाएर बसेका छौ र यहा धेरै विभिन्न किसिमका मान्छेहरु छन् । सुरुमा हामीलाई आफ्नो अधिकार लिन कहाँ जानुपर्छ अनि आफ्नो अधिकार लिन के गर्नुपर्छ कसरी गर्नपर्छ भन्ने कुरा थाहा थिएन । आफ्नो छोराछोरीलाई पढाउर्नुपर्छ कि पर्दैन भन्ने कुरा पनि थाहा थिएन । पहिले त आफै अशिक्षित र नपढको कारणले पनि होला । केटाकेटीहरुलाई पढाउन मन लाग्ने तर आर्थिकमा गएर अडकिन्थ्यो । अहिले त केटीलाई पढाइ राखेका छौ । पहिले मेरो बाल्यकाल तिर म फर्केर जान्छु त्यता आफ्नो बाल्यकालमा मलाई धेरै स्कुल जान मन लाग्थ्यो । म २०४२ सालमा जन्मेको हो । त्यतिखेर हुन त पञ्चायतको व्यवस्था थियो क्यारे तर कुनै झगडा, मुद्दा मिलाउनु पर्यो भने त्यहा पञ्च हुन्थ्यो पञ्चकोमा गएर मुद्दाहरु मिलाउने काम हुन्थ्यो । हामीलाई त त्यस्तो हुन्नथियो । बुवा आमाहरुको कुनै वा आफ्नो समाजकोहरुले पहिला पहिला जनवारहरु बस्तुहरु पाल्दा कसैको बाली नोक्सान गरिदियो भने त्यहि पञ्चलाई बोलाएर छिनोफानो गर्ने चलन थियो । त्यतिखेर हाम्रो थारुजातिहरुमा कोहि अगाडी राम्रो काम गरिराखेको छ भने त्यसलाई गर्न नदिने आफू पनि गर्न नचाहने कारणले गदा हाम्रो गाउँमा जमिनदारले पनि आफ्नो केही वकालत गर्न नदिने केहि बोल्नै नदिने हामी उनीहरुको दास हुनु पर्थ्यो । बुवा आमाहरु पनि बसेको कारणले तिनीहरुको घरमा काम गरेर मात्र जीविकोपार्जन चलेको हुनाले तिनीहरुको कुरामा हामी आफू सहि भए पनि उनीहरुको कुरालाई सहि मान्नु पर्थ्यो र आफू गलत हुनुपर्दथ्यो । त्यतिखेर मैले बुवा आमाहरूलाइ देख्दा र मेरो बुवा आपङ्ग हुनुहुन्थ्यो । हाम्रो परिवार ठूलो थियो । सबै जना कमैया गर्ने र हामी सबै कम्लहरी बस्थिम् अर्काको घरमो काम गर्थे । बुवा आपाङ्ग भएकोले त्यहि काठको काम गर्नुहुन्थ्यो । पहिला त कमैया बस्दा खेरि जमिन्दारको भैंसी चराउनु हुन्थ्यो रे । म जन्मिसकेपछि चाहिँ बुवा काठको काम गर्नु हुन्थ्यो र आमा हामी सबै त्यो जमिनदारकै घरमा हुर्केकोले मलाई त्यति बाहिरको कुरा थाहा हुन्नथ्यो र पछि यस्तै हेर्दै जाँदा हामी धेरै कुरामा सहि भए पनि हामी गलत हुँदाखेरि हामी भो अहिले साल कमलरी बस्दैनौ हामी बरु अन्तै काम गर्छौ भन्दा पनि जबर्जस्ती काम गराएको हुनाले हामी त्यति बाहिरको कुरा सिक्न नपाउने कारणले मलाइ यस्तो

पनि लाग्थ्यो पहिला पहाडेको मान्छेहरु नपढेर पनि यस्तो नेपाली बोल्न जान्दछन किताबहरु खररररर पढछन् होला हामी चौधरीहरू केही बोल्दैनौ पढेर मात्रै नेपली भाषा बोल्न जान्दछौ । र त्यसपछि किताब पढ्न सक्छौं हामी सायद जान्दैनम होला भनेर मैले सोचेको थिएँ । मैले नेपाली बोल्न जान्दैन थिएँ त्यहि पनि अहिले त पहाडेसंग विवाह गरेको छु नत्र भने पहिला नेपाली भाषा बोल्न जान्दिनथे । अनि त्यस्तो कारणले गर्दाखेरीसानोमा धेरै असर पार्यो र लाग्थ्यो हामी यस्तै ठूलो घरमा हुन्थ्यौ। दाई, हाम्रो काकाको छोरी ठूलो बुवाको छोरीहरु जस्तै हुन्थ्यौ। छ सातजना भएर कुरा गर्थ्यौ हामी अब यो घरबाट हामी भागौ अन्तै गएर बसौं हामी यहाँ बसोबास गरे भने त जहिले पनि यहि काम हो भाडाँ माझ्ने लुगाधुने दिन दिनै दैनिकी त्यही काम भएकोले हामी यहाँ नबसौं भने जस्तो पनि हुन्थ्यो । र कहिले यो संसार परिवर्तन हुन्छ होला भन्ने जस्तो हुन्थ्यो । एक किसिमको मनमा खेलिरहन्थ्यो त्यो गर्दागर्दै मैले राम्ररी थाहापाएको चाहिँ २०५१।५२ सालबाट हो त्यसपछि मलाई लाग्यो हामी धेरैपछि परेको छौ ।

किन केहि कारण थियो ?

हजुर अब एक जना दिदि काठमाडौं बस्नु हुन्थ्यो । काठमाडौं गएर कमलरी बसेर भए पनि उहाँले तीन चार कक्षा पढेर यहाँ आएर पुरै किताब पढन सक्ने हुनहुन्थ्यो । कति राम्रो यता उति बाहिरको कुराहरु गर्नुहुन्थ्यो । यस्तो हुन्छ उस्तो हुन्छ हामी त एउटा रमाइलो कार्यक्रम मा पनि जान्छौ भनेर हामी मेलामा जान्छौ भन्नुहुन्थ्यो । मेलामा गयो भने हाम्रो साउनीले त्यस्तो कुरा बोल्नुहुन्छ भन्दाखेरी हामीलाई त्यो सुनेर हामीले पनि केहि गर्न सक्छौं भन्ने हुन्थ्यो र यो जुन आन्दोलन आयो भनौ माओवादीले एक किसिमको त्यतिखेर आन्दोलन निकालेको थियो । त्यो भन्दा पनि पहिला उहाँलाई हराउने यो जमिन्दार शोसकहरुको अन्त्य गर्ने भनि हामी सबै जसको जोत उसको भोक भनेर नारा निकाले र एक किसिमको आन्दोलन नै भनौ त्यतिवेलाको त्यो यहि २०५२ ५३ साल तिरै हो । त्यसपछि हामी पनि लाग्यौ अब त्यसमा पर्छ कि क्या हो हामीलाई पनि राम्रो हुन्छ । हाम्रो पनि जुनी फेरिन्छ सायद भनेर त्यतिखेर हामीले अलि बुझ्यौ ।

तपाईलाई म यहाँ निर रोकी दिन्छु ल । तपाईलाई जस्तै त्यो जसको जोत उसको भोग होइन भन्नेर एउटा नारा निकालेर एउटा आन्दोलन गर्ने भन्ने कुरा गर्नु भएको थियो नि त आन्दोलनको बारेमा त्यतिखेर तपाईंलाई कोही मान्छेहरु तपाईंको समुदायमा भएको मिटिङहरु भयो कि भएन कसरी देख्नुभयो कसरी त्यो मान्छेहरु सँगै आएको कुराहरु याद भयो तपाईलाई कसरी आउनु भयो, कहाँआउनुभयो ?

हजुर, यस्तो कुरा होइन सर म माइतामा बस्दा खेरि हाम्रो घरमा आउनुहुथ्यो सबै थारु जातिहरु अनि हामी यसरी गर्न हुन्न भन्थे । त्यतिखेर अरु जाति पनि थिए हुन त हामी विशेष चाहिँ आफ्नै गाउँको आफ्नै टोलको आफ्नै दाईभाइ मिलेर अब यस्तो गर्न हुन्न हामी सधैं अर्काकोमा कमैया बसेर दास जीवन बिताई राखेका छौ । हामीअब एक हुनुपर्छ हामी आफ्नो आवाज उठाउनुपर्छ हामी एक कमैया मात्र बस्ने त्यही जग्गा हामीले आफ्नो बनाउनुपर्छ भन्ने कुरा मैले सुने । हाम्रो आँगनमा

त्यसपछि मलाई पनि लागेको थियो त्यति बेला हो हामी पनि यसरी पढ्न लेख्न अलिअलि पाँउछौ भनेर त्यति खेर मैले स्कुलमा पढ्न पाए सर । त्यसपछि  नाम यता उति लेख्नसक्ने भनम जमिन्दारकै उस्ले तिमीलाई म पढाई दिन्छु भनेर बरु आउ साझ र बिहान भाँडा माझी देउ म तिमीलाई दिउँसो स्कुल जाउ भनेर भन्नु  भयो नत्र   म बस्दिन भने  । म अन्त जान्छु कि काठमाडौँ जान्छु काम गर्न् यता उति भने अनि होइन भन्नु भयो । त्यसपछि हाम्रो घरमा त्यतिखेरबाट एउटा  समिति गठन गरे हामी यसरी गर्नुपर्छ विभिन्न भन्नाले यिनीहरु पनि गाउँमा  माओवादीका होइन । गाउँमा छिरेर बिस्तारै लुकिछिपी भनौ एउटा समितिहरु गठन गरे हामीले यसरी तपाईहरु कै लागि गर्न लागेका छौ भनेर यताउति आखाँ छलेर भए पनि त्यहा पुगनुभयो । अनि त्यसरी कुरा सिकाउनु भयो । तपाईहरु धेरै पछि पर्नु भएको छ अब तपाईहरुले अर्काको काम सधै भरि यस्तै गरेर तपाईंहरुलाई पुग्दैन । तपाईंहरु  अब यही आफ्नो पुस्तालाई मात्रै  गर्नु भएको छ । छोराछोरी छन् अरुपनि पुस्ताहरु आउछन् तपाईहरुको अब सधै यस्तै हुन्छ । त्यहि भएर अब तपाईहरु केहि गर्नुपर्छ । भनेर उहाँहरुले भन्दाखेरी हामीलाई त्यस्तो लाग्यो । त्यसपछि हामी  गठित भयौ त्यसपछि हाम्रो बुवा आमाहरु भएँ मेरो बुवा हुनु भयो त्यसपछि गर्दै जाँदा  खेरी हामी पनि त्यहिमा मलाई चासो लाग्यो भनम् । विवाह भयो विवाह भएपछि मलाई नी चासो धेरै लाग्यो । म पनि केहि गर्नुपर्छ होइन एउटा महिला भएर अब हामी महिला कति छौ अब यहाँ चौधरी महिलाहरु पछिपरेका दिदिबहिनीहरु हाम्रो छोरीहरु छन् त्यहि भएर हामी केहि गर्नुपर्छ । अब हामी आफ्नो पहुँच बढाउनु पर्छ भन्ने कुरा लाग्यो हामीलाई पनि त्यस्तै लाग्यो । हामीले नेतृत्व गर्नुपर्छ हैन २०६३ २०६४ मा झन ठूलो आन्दोलन नै भयो हामी आन्दोलनमा पनि हिडेकै हो । त्यसको लागि आफ्नो  अधिकारको लागि कति साथीहरुलाई हामीले  यस्तै संगठन बनाएर ती साथीहरुलाई ठाउँमा पुराएका छौं भनौ संसद उहाँहरुले कति गर्नु भएको छ होइन उहाँहरुलाई त्यो ठाउँमा पुर्याउनको लागि कति साथीहरुले आफ्नो जीवन नै दान  गर्नुभयो होइन । हामी अब त्यसै बसिराखेका साथीहरुलाई ठाउँ कति गर्नु भएको छ । र यहाँहरु अझैसम्म हामीलाइ गरिराखेका छौं त्यहि आफ्नै भनौ महिलाहरु हाम्रो चौधरी महिलाहरु धेरै पछाडि छन् । हामी सधैंको दास भएर मात्रै बस्नु हुन्न । हामी आफ्नो लागि महिला अधिकारको लागी लड्नुपर्छ होइन । हामी महिला अधिकार मात्रै होइन सिंगो जातीय अधिकारको लागि नारा उठाउनु पर्छ, लड्नुपर्छ ।

अरु जाति मात्रै किन त्यो ठाउँमा पुग्ने होइन हामी  पनि थारु जाति त्यहाँ पुगेर  केहि गर्न सक्दैनन र  ठाउँ पायो भने उनले बोल्न पनि सक्छ । हामी पहिला  नपढेको तर नपढेको भन्दैमा हुँदैन नि हामीसँग पनि त्यो वास्तविक घटना छ किताब छ होइन र । हामी प्राय आफ्नो वास्तविकता त्यहाँ गएर कुन किसिमले प्रस्तुत गर्ने हो त्यो हामीसँग छ भनेर हामीले  त्यसरी पनि एउटा समुहनै गठन गरेर हिँडेका छौं ।  हाम्रो अहिले थरुहट महिला  धेरै जिल्लामा  छन तर हामीले एकदम नजिक भएर हिडिरहनेलाइ फोन गरेर हुन्छ कि  पुगेर हुन्छकी भनेर  हामी पाँच जिल्लाका महिलाहरूसंगै हिडिराखेका छौं । जुलुस पनि जान्छौं हामी महिलाहरूको अधिकारको लागि । महिला मात्र  होइन अब बालबच्चाको पनि शिक्षाको, स्वास्थ्यको लागि हो ।  खानेपानी  धेरै किसिमका छन । अब उठाउने मुद्दाहरुअब बालबच्चाहरूलाई  कति कक्षासम्म  निःशुल्क गर्नसक्छ  सरकारले होइन उसले त उच्चशिक्षासम्म निःशुल्क भन्छ हामी भन्छौं स्नातक तहसम्म निःशुल्क पढ्न पाउँ होइन र हाम्रो

बच्चाहरुलाई त एउटा १० कक्षा पढाइदिन्छ  अर्को १० देखि माथि त  हामीसँग पढाउने पैसा छैन अब त्यसपछि हाम्रो बच्चा के त्यस्तै फेरी खेत खन्न जाने हुन्छ । अब सरकारले अनेकौबाट हाम्रो कर उठाइराखेको छ होइन हाम्रो बच्चाहरुलाई केहि प्रतिशत थप गरेर पढाइको लागि  खर्च गरोस् स्वास्थ्यमा खर्च  गरोस् अहिले यस्तो कोरोनाको कोभिड -१९ भन्छन् होइन  । सबै जनाहरु भ्यक्सिन लगाएर हिडेकाछन् । कर्मचारीहरुले भ्यक्सिन लगाएर हिडेकाछन् होइन र। अब सबै जनाले लगाएका छन् ।समाज सेवीहरुले लगाएका छन् यिनी अगुवाहरुले लगाएका छन् टोलका सबैले लगाएका छन् । अब हामी मजदुरी गर्ने गरिब पिडितहरु वर्ग छौ हामिले  भने  भ्यक्सिन पाएकोछैन त्यो भ्यक्सिन किन्नलाई त्यत्रो महँगो पैसा भन्छ त्यो महँगो पैसामा उनिहरुले लगाउन सक्छन । जो महँगो पैसा हालेर लगाउन सक्छ उसले चाहिँ फ्रीमा लगाइ हाल्छ । हामी गरिब पछाडि परेको वर्ग महिला पुरुष अब सबै छौ यि आदिबासी सबै  दिदिबहिनी मजदुरी गर्नेहरु चाहिँ एकदम पछाडि परेका छौ । यो सरकारलाई म भन्दा पहिला यहि गलत भएको छ जस्तो लाग्छ होइन र । त्यो ठाउँमा हाम्रो दिदीबहिनी  पुगेपछि त केही कुरा राखे होलान् । तर पुग्न  चाहिँ पुग्नु भएको छ  हामीले पूराएका छौं  नपुगेका होइनन् १, २ जना पुग्नुभएको छ ।  यो ठाउँमा गएको कोरम पुगेको छैन जस्तो पनि लाग्छ  उहाँहरुलाई पठाएर अब सही गरेका छौं के गलत गरेका छौं  । तर हामीले जुन  पाएका छैनौ अब महिला नेतृत्व छन् हामी यहाँ गाउँमा मात्रै कुरा उठाएर हुँदैन ठाउँमा पुग्नुपर्छ मेन त कुरा त्यसरी हो । अनि हामी  त्यही नपढेको कारणले  पछाडि परिराखेका छौं बोल्न त सक्छौ नी उ गर्न पनि सक्छौ् सबै छ हामीसँग तरअहिले  सरकारले सर्टिफिकेट खोजिरहन्छ  एसएलसीको खोज्छ, १२ को खोज्छ, डिग्रीको खोज्छ, ब्यचलरको खोज्छ । अनि हामीसँग हुँदैन त्यसले गर्दा हामी पछाडि परिरहन्छम । नत्र हामीसँग सबै  छ भनौ मन भित्रै छ हाम्रो जुन त्यहाँ नेताहरु बोल्नु हुन्छ त्यो कुरा हामीसँग आफैसँग छ भनम् उहाहरुले सिकाउनु पर्दैन ।

अनि तपाईले जब यो म अलिकति पछाडी फर्केर अगाडीका कुरा भन्नु भएका कुराहरु सोध छु है अब जस्तै  जुन  जनयुद्धको बेलामा गाउँहरुमा समुहहरु लुकिछिपी पढ्ने भनेर भन्नुभयो नि त्यस्तो कुनै घटनाहरु याद छ कसरी भयो जस्तै तपाईहरु पनि लाग्नु भएको थियो तपाईको बुवाहरु पनि लाग्नु भएको थियो कसरी भयो यो ? केहि याद छ कि ?

हजुर म थोरै यो कुरा भन्छु तेतिखेर पहिलापहिला  हामी त भन्थ्यौं सर बाहिर को मान्छे होला बाहिरको मान्छे आएर यहाँ समिति वनाउला यो माओवादी भनेको बाहिरी होला भनेर तर होइन रहेछ हाम्रो अधिकारको लागि कुरा गर्ने मान्छे बाहिरको होला भनेर तर होइन रहेछ हाम्रो आफ्नै गाउँघरकै मान्छे दाईभाई दिदिबहिनी जो त्यसमा हुँनु हुन्थ्यो । त्यसले गर्दा  त्यस्तो समस्या त  आइहाल्छ होइन कुनै चिज मुद्दा लिएर अगाडि बढ्न लाग्यो भने त समस्या त आइहाल्छ पहाडमा त्यो समस्यालाई पनि धेरै समधान गर्यो । अब त्यो पनि आफ्नै लागि हो हामी आफ्नोलाई गर्नुपर्छ हामी सबै मिल्नु पर्छ हामी यसरी डराएर हुन्न  भनेर  यसरी गर्यौ ।

के के भयो भनेर याद छैन ठ्याकठ्याक, फलानो दिन यस्तो यस्तो भएको थियो, यस्तो मिटिङ भयो भनेर त्यसरी कुराहरु केहि याद छैन ?

त्यस्तो यो गते मिति थाहा छैन सर । सुरुमा चाहिँ समिति गठन भयो  समिति गठन भएपछि  अब हामीले यसलाई फिजाउनुपर्छ  आज यो ठाउँमा समिति गठन गर्यो भोलि अर्को ठाउँमा गर्नुपर्छ जस्तै आज यो टोलमा भयो भने हामीले अर्को टोलको मान्छेलाई यहाँ बोलाउन सकिदैन थियो त्यतिखेर  । उहाँहरुको टोलमा गएर राती हामी त्यही भात खाएर ९ - १० बजेतिर गएर समिति गठन गरिदिनुपथ्यो त्यसरी चाहिँ भएको हो । त्यसपछि महिला-पुरुष मिलाएर हाल्नु हुन्थ्यो  त्यतिखेर म  थिइन हाम्रो बुवाहरु थिए पछि म यहाँ आएर भएको भनेपछि  २०५९ साल तिर  हो ।

२०५९ साल तिर सदस्य हुनुभयो ? 'हजुर' तपाई कहिले उसमा लडाकूको रुपमा जानु भयो ।

म गएको छैन सर म गएको थिएन । म सदस्य भएको थिएन कैलेकाही गएर बोलिदिने र  मेरो श्रीमान चाहिँ  सदस्य हुनुभएको थियो । म चाहिँसँगै गएर बोलिदिने  यहाँले बोल्यो भने मान्छे आउँछन्  भन्थे । म गइदिन्थें त्यहि भएर त्यस्तै गरेर धेरै दिदीबहिनीहरु  धेरैले सहयोग गर्नुभयो अब हामीले पनि सहयोग गरयौ म सानो नानी लिएर त्यसरी गठन भएको हो गठन पछि संगठन पनि बढ्यो अनि श्रीमान जानुभयो लडाकुमा म यहाँ घरमा बसे मलाई धेरै मान्छेले भनेपनि आफ्नो बुढालाई उता पठाएर यहाँ अर्काको भाँडा माझ्दै हिंडेकिछे नेता पनि गर्छे भाँडा पनि माझ्छे कति भ्याउछे भनेर मान्छे भन्थेर पनि कहिले भोकै पनि सत्नुपर्थ्यो । कहिले  अर्काको घरको त्यहि बचेको उतै खाएर आउनुहुन्थ्यो । त्यसतै दुख गरे पहिलाको कुरा गर्दा त रुन मन लाग्छ सर । मैले  धेरै दुख गरेको हो पहिला मनले नमान्ने अनि नेतृत्व  गर्थे  बिषेस गरी हामी पाँचै जिल्लामा हिड्छौ अजैसम्म पनि हिडिराखेका छौ त्यसले गर्दा सानो नानी लिएर अब यता भाँडा पनि माझने अरुको यता उति पनि हिड्ने त्यतिखर  मेरो छोरा २०५९  सालमा जन्मिएको हो त्यहि छोरालाई लिएर मैले हिड्थे त्यसरी पछि नानी पाएको हो । त्यहि २०६३को आन्दोलमा पनि हिडिरहन्थे त्यतिखेर मेरो नानी जन्मेको हो  १३ गतेतिर नानीलाई लिएर हिडेको हो । त्यसरी पनि (हिडेको भनेको हो ठ्याकै हामी बुझेन) मैले त्यो आन्दोलनमा २०६२ २०६३ कोआन्दोलनमा थियो नि त्यतिखेर मैले त्यसरी हिडेको वेलामा आफ्नो नानी त्यहि बैशाख ६ गते जन्म्यो बैशाखकै १३ मा त यहि देउखुरीमा हिडेको त्यतिखेर आफैसँग मोबाइल पनि नहुने सर आफूसँग केहि पनि नहुने त्यहि भएर  साथीहरुसँग भिडियो यताउती थियो होला पहिला पहिला क्यामरा मात्र लिएर हिडिन्थ्यो । अहिले चाहिँ बल्ल आएछ मोबाइल नत्र मैले  त्यसरी पनि हिडेको हो यिनी सबै दिदिबहिनीहरुलाई गाउँकमा  उतारेर  आफ्नो सानो नानी सुत्केरीको बेला त्यस्तो कुनामा बस्ने बेलामा मैले त्यस्तरी हिड्या हो । श्रीमान चाहिँ  जानुभयो लडाकुमा  हाम्रो अधिकारको लागि ।  हाम्रो लागि यहाँ एक जना गयो भने हजारौं दिदीबहिनीहरु सुख पाउँछन् भनेर यसरी साथीहरुलाई सम्झाएर  यिनी गाउँका आमाबुवा दिदीबहिनीहरुलाई त्यसरी गराउदाखेरी उहाँहरुले ठिकै छ राम्रो छ भनु हुन्थ्यो । तर बाहिरको समाजले राम्रो भन्दैनथ्यो बुढालाई उता पठाएर आफू यता त्यस्तै हिडिराछे कति रमाइराछे भन्ने कुरा हुन्थ्यो  त्यो पनि सहनु तेती खेर पिडा थियो भनौं मन मित्र एक किसिमको खुसी पनि थियो

त्यसरी हुन्थ्यो अब हिँड्न पनि पाईराखेको थिएँ पहिले पहिले हिंड्न पनि पाइन्न थियो माइतमा यताउति पछिआएर र आफ्नो कुराहरु वकालत गर्न पाइयो पहिला पहिला  गुम्सिएर बस्नु पर्थ्योजति कुरा पनि बोल्न  नपाउने आफ्नै ठूलो पञ्च बन्नुभाथ्यो । उहाँले हामीलाई केहि कुरा बोल्न दिनुहुन्न थियो अनि त्यस्ले गर्दाखेरी मनको कुरा पूरै गुम्साएर राख्ने सहि कुरा पनि गुम्साएर राख्नुपर्थ्यो । गलत कुरा पनि गुम्स्याएर राख्नुपर्थ्यो । भात खाइस भन्दा अब नखाए पनि खाछु भन्नु पर्ने त्यस्तो किसिमको अवस्था थियो । त्यस्ले  गर्दाखेरि पछि आन्दोलनमा हिड्दाखेरी मैले जति बाबुलाई  सानैमा लिएर हिडे मलाई दुःख लागेन  राम्रो लाग्यो एकदम हिड्न पाए जति मान्छेले कुरा काटे पनि मलाई एकदम राम्रो लाग्यो । अब  हाम्रो भनौ छोराछोरी त न भनौ दाई भाईहरूको तलब पनि बढ्ेकोछ । तलब बढ्छ भन्ने कुरा गर्नुभएको थियो । उहाँहरुले त्यो कुरा मनमा तलब बढ्छ भनेर अझैपनि छ । तपाईहरुले जसको जोत उसको भोक भन्नुभएको थियो । हामी  अब जोत्नेहरु अलि अलि जग्गा पाउँछौं केहि नभए पनि एउटा घर बनाउनलाई ठाउँ पाउँछौ कि भन्ने थियो । पहिला अर्का कै चाहिँ जमिन्दारकै जग्गामा घर बनाएर बस्नुपर्थ्यो। त्यसले गर्दा धेरै खुसी थियौं आफ्नो मन भित्र दुख पनि त्यति नै थियो । खुसी पनि त्यति नै थियो त्यस्ले गर्दाखेरी एक किसिमले  पुरै कुरा खोल्दा खेरि रुन पनि मन लाग्छ धेरै बेस्सरी चिच्याएर होइन र फेरी केहि  सोच्दा खेरि धेरै राम्रो पनि लाग्छ होइन त्यस्तरी भएको हो सर ।

अनि तपाईको श्रीमान् चाहिँ उसमा केरे जनयुद्धमा होइन कति वर्ष लडाकु भएर काम गर्नुभयो ?

वहाँ त आठ नौ बर्ष बस्नु भयो सर ।

हो कहिले फर्किनुभयो ?

हजुर यहि स्वेच्छिक अवकास लिएर लास्टमा फर्किनुभयो । जाने भन्नुभएको थियो  त्यसपछि गयो भने फेरि हाम्रो छोराछोरी पढाउन सक्दैनौ भन्ने कुरा आयो हैन ? अब त्यै हामी जस्तै हुन्छन् होला त्यै छ सात कक्षा पर्छन् त्यसपछि पछि गएर पढन सक्दैनन् अब यहाँ आयो भने केही काम गरेर बरु व्यवसाय गरेर यताउति अरु गाउँको छिमेकीहरुलाई देख्दाखेरी त्यो रोडतिर हैन उहाँहरु धेरैअगाडि पुगिसक्नु भएकोछ हैन ? अनि त्यही देखेर यता आयो भने केही व्यवसाय गरेर पनि पढाउँछौं केटाकेटीलाई कमसेकम बाह्र तेह्र त पढाउन सक्छौं केही नभएपनि त्यही भनेर फर्किनुभयो उहाँ चाहिं अनि अवकास लिएर फर्किनुभयो र फर्किएपछि  भनौ त्यहीँ पाँच लाख लिएर फर्किनुभयो । त्यही पाँच लाखबाट हामीले अब व्यवसाय शुरु गर्यो । यो बंगुर पालेँ । यो बोईलर कुखुरा पालेका छौं । बाख्रा पालको छौं । अब केटा केटि पढ्या छन् अहिले बाबु १२ मा पढ्दै छ । नानी दशमा त्यसरी गरेर पढाइरहेका छौं । आफूले पनि पढाएको छौं र अरुलाई पनि पढाऔ भन्नेकुरा भने  भन्न पाएका छौं हैन ? त्यसरी अब ठिकै छ सर अहिले ।

तपाईलाई पहिला चाहिँ तपाईले जस्तै अब जुन जनयुद्धको बेलामा हैन ? समितिहरु मार्फत तपाई लाग्नुभयो हो ? अनि तपाईलाई प्रशिक्षणहरु दियो कि दिएन त ? प्रशिक्षण दिएको तपाईलाई याद छैन ?

प्रशिक्षणहरु त मलै त्यस्तो प्रशिक्षणहरु त गरेको छैन हैन सर ? मलाई प्रशिक्षण खासै दिनुभएको छैन त्यही पनि अब यस्तरी गर्नुपर्छ हामी हैन ? एक सबैजना हात मिलायो भने धेरै हुन्छ बलियो हुन्छ भनेर यस्तै-यस्तै गर्नु हुन्थ्यो के पहिला पहिला हामी बुझ्दैन थियो सर हैन ? त्यति नपढेकोले खासै बुझ्दैन थियो । त्यति चासो पनि नजाने के त्यस्तो पहिला-पहिला जब लागे गरे दरो मनले लागेपछि बल्ल मान्छेले यही कुरा बुझ्नेरहेछ । यसरी भयो अनि प्रशिक्षण अब दिनुहुन्थ्यो पुरुषहरु जानुहुन्थ्यो राति-राति हामी महिला चाहिँ अब नजाने ।

यतिखेर कर्फ्युहरु लागेको थियो ?

अँ अब  कर्फ्यूहरु लागेको थियो तैपनि कतिखेर गएर झुलुक्क हैन ? यता ऊ गर्ने उता गएर बस्ने एकछिन यहाँ छ भने अर्को छिन एकैछिन फेरि  अर्को ठाउमाँ  पुगी हाल्नुपर्ने यस्तो हुन्थ्यो । त्यतिखेर गाह्रो थियो  म मेरो छोराछोरी सानो भएकोले छोरी त नाइ छोरा सानो भएकोले म चाहिँ जान्न थिए राती राती । यो गाउँघरमा त  हिड्थे । अन्त अन्त चाहिँ खासै जान्न थिएँ । पछि बाहिर निस्के ६३, ६४ पछि चाहिँ पुरै बाहिरै  निस्के भनौं ।  हजुर बाहिर गएर कुरा गर्न महिला हाम्रो अधिकार महिला अधिकार हैन । त्यसरी कुरा गर्न लागे ।

तपाईको  श्रीमान् त्यतिखेर लडाकु भएर जानु भएको थियो हैन ? तपाई जनयुद्धलाई चाहिँ आफ्नो हिसाबले जसरी समर्थन गरिरहनु भएको थियो तपाईले कहाँ बस्नु हुन्थ्यो ? तपाई के गर्नुहुन्थ्यो त्यतिखेर ?

म त सर त्यतिखेर यहीँ  बस्थें यहीँ  मेरो सानो  घर थियो । सानो झुप्रो थियो ढोका पनि थिएन । त्यो वनमा पाइन्छ  एउटा के भन्छ रे धाईरा भन्छन् सिट्ठा त्यहीको त्यसैले बनाएको घर थियो त्यसैको ढोका पनि थियो । त्यही लगाएर  डोरीले बानेर त्यस्तरी बस्थे । सानो झुपडी थियो मेरो घरम त्यसरी बस्थे धेरै  असुरक्षित थिएँ होइन ? डर पनि थियो ढोका छैन त्यहीँ उसको आधारमा त्यही डोरीले मात्र बाँधेर बस्या छ रातभरि धेरै डर थियो त्यति खेर सानो घर थियो अहिले त अब बनाइसके  ठुलो भनौं धेरै मेहनत गरेर कमाएर नत्र त्यस्तै थियो छोरा छोरी पनि लिएर एक्लै बस्नु पर्ने थियो  । श्रीमान् गैसकेपछि आफू यहाँ एक्लै  बस्दा  डर हुन्थ्यो मान्छेले पनि अब कोही राम्रोसँग भन्थ्यो हैन ? राम्रो तरिकाले हेर्थे । कोहीले नराम्रो तरिकाले अब यो एक्लै यहाँ बस्या छे यो गाउँघरमा सिकाउँदै हिन्छे भन्ने कुरा हुन्थ्यो यो अर्काको बुढीहरुलाई  भाँड्दै हिड्ने  मान्छे कोहीले भन्थे हैन ? कोहीले ठीकै छ राम्रै छ अब हामी सबैको लागि त भन्नु भा छ भन्ने किसिमले कुरा  पनि गर्नुहुन्थ्यो । त्यस्तै हुन्थ्यो अब कहिले म बाहिर दुइचार दिन गएको छु छोराछोरीलाई माइत पठाएर भने यहाँ सानो झुपडी थियो कोही कोहीले त्यो भित्तामा पनि उ गरिदिन्थ्यो । लात्ती लात्तीले हानेर फुटाइ  दिन्थ्यो । फेरि म आउँथे  दुई तीन दिन पछि फेरि त्यहीँ टालटुल गरेर फेरी त्यहिँ बस्थे पहिला पहिला त्यस्तो पनि थियो सर । त्यतिखेर त धेरै राम्रो भाथ्यो सर भनौं अब हैन त्यत्रो अब  झेली सकेपछि त्यो जुन चाहेको हामीले थियौं त्यो  चिज पाइसकेपछि मान्छेलाई अब धेरै हर्ष उल्लास भयो । धेरै राम्रो भयो अब त्यहाँ गएर मिलरे हामी अब बाहिर हाम्रो श्रीमानहरु बाहिर हैन आउट भएर हिड्न पाउने भयो । अब मान्छेले पनि

ठ्याक्क अब त्यस्तरी औंला ठडाउन पाउन्न कि वहाँ चाहिँ  हुनुहुन्थ्यो भन्ने कुरामा गयो पहिले त्यो थिइस् गइस् नाइ कि अब उहाँ हुनुहुन्थ्यो भन्ने कुरामा आयो अलि सम्मानित तरिकाले त्यसपछि बोल्न लागेपनि हैन गाउँघरमा त्यो शान्ति वार्ता भएपछि त धेरै राम्रो भयो त्यसपछि अनि हामि खुल्लमखुल्ला हिड्न लागेम् त्यसपछि हैन ?  कोहिसंग डर भएन के कुरा गर्नलाई डर भएन अब हामी सबै सरकारमा मिली सक्यौ सरकारसँग अब हामी त त्यस्तो डराउनु पर्ने कुरा छैन भन्ने किसिमले हुन्थ्यो सर ।

अनि यो तपाईले अब अहिलेको यो जुन थरुहट अन्दोलन छ नि  चारवटा पाँचवटा जिल्लासँगै तपाईहरु चाहिँ उ  गर्नुहुन्छ भन्नु  भा छ नि ?अनि को सित चाहिँ तपाईहरुको  समायोजन गर्न चाहनुहुन्छ ? कोसित गफ गर्नुहुन्छ ? तपाईहरूको कोही होला नि त नेताहरु होला ?

हाम्रो चाहिँ अहिले सर यो एकजना हुनुहुन्छ अब शान्ता चौधरी हैन ? हाम्रो महिला त्यो  हुनुहुन्छ हाम्रो संघमा काठमाडौं हुनुहुन्छ त्यसपछि यहाँ चाहिँ  प्रदेश मा हुनुहुन्छ कृष्णे थारु हामीसंगै काम गरेको मान्छेहरु हुनुहुन्छ । त्यहाँ हामी संगै बसेर यसरी काम गरेको लुकिछिपी त्यहाँहरुलाई पनि दुख परेको आफ्नो समाजमा आफ्नो ठाउँमा हैन ? मलाई यो ठाउँमा दुख परेको काम गर्नलाई त्यसरी हामीसँगै बसेर आफ्नो दुख सुखको कुरा त्यो दुखको कुरा भुलेर हामी त्यसरी आफ्नो एजेन्डा हैन ? आफ्नो कुराहरु राखेर  यो ठाउँमा  मतलब साथीहरुलाई पुराएम् यसरी अहिले उहाहरु हुनुहुन्थ्यो  अहिले हामी कुरा पनि तिनीहरु सँगै कुरा गर्छम् अब डेलिकेसन जाँदाखेरि पनि हामी महिलाकै मुद्दा लिएर जान्छौं । यो मुक्त कमैयाका विशेषगरी यहाँ मुक्तकमैया छ हैन सर ? अनि त्यसले गर्दाखेरि हामी यहाँ  मुक्त कमैयाका मुद्दाहरु एजेण्डाहरु लिएर पनि जान्छौँ  । अब त यहाँहरूले त्यहाँका नेताहरु सँग समन्वय सम्पर्क गरेर समय मिलाएर  हामीलाई भेटाई दिनुहुन्छ अनि हामी कुरा राख्न त्यसरी पाउँछौं ।

 उ जस्तै कृष्णे थारु अहिले उपसभामुख हुनुहुन्छ हैन ? प्रदेश नम्बर ५ को उपसभामुख अनि त्यसपछि तपाईले उहाँलाई  पहिला भेट्नुभएको याद छ  तपाईलाई द्वन्दकाल बेलामा ?

हजुर प्रदेश नम्बर छ को उपसभामुख हुनुहुन्छ ।अँ हामी भेट्थ्यौं सर ।

कहिले भेट भएको थियो अलिकति केही सम्झना छ ?

हामी अब द्वन्दकाल भन्नाले हामीले त्यो भन्दा पहिले चाहिँ खासै भेटेको थिएन सर हैन ? हामीले उहाँ संग भेटेको चाहिँ २०६३ सालमा हो सर । उहाँ सँग मैले एकदम  सुत्केरी हुने बेला थियो त्यतिखेर हामी आन्दोलनमा सँगै हिँडेको त्यहाँ बर्दियामा । बर्दियामा सँगै हिँडेको त्यतिखेर चाहिँ संगै हामी हिड्या हो याद छ । २०६३ सालको खै कति गते हो मैले ठ्याक्कै  मिति चाहिँ थाहा भएन हैन हाम्रो किताबमा होला त्यो । त्यतिखेर चाहिँ हामीसंगै हिँडेको हो । हामी एउटै मुद्धा लिएर एउटै नारा लिएर एउटै पम्प्लेट लिएर सरकारलाई धर्ना टेकेर त्यस्तरी हिँड्या हो सर ।

२०६३ सालको  आन्दोलनमा तपाई बर्दियामा हुनुहुन्थ्यो  तपाई के  मुद्दाको लागि लडि रहनुभएको थियो ?

यही हाम्रो महिला भनौं र मुक्त कमैयाको यो महिला अधिकार र मुक्तकमैया गरेर हामी त्यस्तरी हिड्या थियौं सर ।

त्यतिखेर थारु पहिचानको कुराहरु थियो थारु राज्यको कुराहरु थियो थरुहटको ?

हजुर हो  हो थारु पहिचानको कुराहरु थियो  त्यतिखेर थरुहटको कुराहरु थियो । अनि यो महिलाको पहिचानको कुरा थियो हामीलाई नि अब एउटा मुक्तकमैयालाई त एउटा पहिचान दिएर भनौं मुक्त गर्यो हैन ? मुक्त कमैयालाई तअब मुक्तकमैया फलाना फलना नाम भएको मान्छे मुक्तकमैया भयो भनेर उसले सरकारले घोषणा गर्यो हैन ? त्यसपछि हामीलाई महिलाहरुलाई त त्यो नाममा दिइएन त्यो त्यसको ठाउँमा हाम्रो नाम आएन त्यसले गर्दाखेरि हामी पनि  महिला मुक्तकमैया हो । मुक्तकमैया नै मुक्त कमलरी हो भनेर सरकारसंग चाहिँ हामी यस्तरी एउटा एजेन्डा हैन ? महिलाको भने पहिचान गराउनुपर्छ भनेर त्यतिखेर हिँड्या  हो सर ।

त्यो पाउनुभो ?

अहिलेसम्म पाएको छैन पाउनता तैपनि अझै डेलिकेसन चाहिँ बेलाबेलामा गइरहन्छौं अझैसम्म त्यही मुद्दाको लागि हिँडिरहेका छौं । साथीहरुले पनि त्यही मुद्दा उठाई उठाई त्यो ठाउँमा गएर त्यत्रो डेलिकेसन गरेर त्यहाँहरु त्यो ठाउँसम्म पुग्नुभयो ।  त्यहाँका नेताहरुले यसरी कुरा गर्दाखेरि उहाँहरुलाई मन पराउनु भयो हैन ? माथिको नेताहरुले पनि तान्नु भयो । पुग्नु भो तर हामीले त्योचाहिँ उहाँ साथीहरुलाई पुर्याएर अब हाम्रो भनौं सान्ता चौधरी जानुभयो हैन ? अनि हाम्रो बर्दियाको जानुभयो कृष्णे थारु  हैन  उहाहरु जानुभयो यहाँहरु पुगिसकेपछि पनि हामी अझै पहिचानको त्यो पाएको छैन अधिकार ।

अनि यो  जुन थारु राज्यको  माग थियो थरुहट त्यो चाहिँ त्यो पनि पुरा भएको छैन ?

हजुर थरुहटको त्यो पनि पूरा भएको छैन । अझैसम्म भएको छैन हामी अझै पटक-पटक गरिरहन्छौं सर डेलिकेसन अब हुन्छ गरौंला यसरी हुन्छ आशा गर्नु होला निराशा चाहिँ नहुनु होला हामी यसको लागि छलफल गरिरहेका छौं भन्नुहुन्छ । एकदम राम्रोसित उहाँहरुसँग गयो भने त चिया खुवाउनुहुन्छ बसाल्नु हुन्छ धेरै कुराहरु राम्रो मिठा मिठा गर्नुहुन्छ हैन ? त्यसपछि जानुहोला निरास नहुनुहोला भन्नुहुन्छ । हामी आउँछौं साथीहरुलाई त्यही कुरा र यहाँ गरिदिन्छौं हैन ? सबैजनालाई एकदम भेला गराएर हाम्रो भनौं सदरमुकाम घोराहीमा हुन्छ कि हैन ? यहि लमही भन्ने ठाउँमा हुन्छ साथीहरु सबैलाई भेला गराएर त्यही किसिमले कुरा गर्छौ । त्यसपछि  माथिको हाम्रो साथी नेताहरुको आउनुहुन्न यहाँहरूले पनि त्यही भन्नुहोला भन्नुहुन्छ आएर कुरै कुरा गर्छन् अनि त्यसपछि त्यो कुरा फेरि भएकै हुन्न अनि त्यसपछि गाली खाने हुन्छ ? जो तलको छ तलका मान्छे अब  हामी जस्तो मान्छे  गाछम् तेहि मान्छेलाई गाली गर्न थाल्या हुन्छ फेरि त्यहीं भएको छ अझैसम्म तेहि भएर म यो दुईचार महिना बाहिर गएको छैन। यो दुई चार महीनै भनौं यो लगडाउन् भएको देखि बाहिर गएको छैन । नत्र जहिले जाउँ हैन साथीहरूसँग तेत्रो डेलिकेसन पनि गएर आउ मुद्दा लिएर आशा देखाउँछन् निराशा नहुनु होला

हामीले यसको लागि गरिरहेका छौं तपाईहरूको पहल हामी भर्खरै यही  तपाईहरुकै मुद्धा यो थरुहट अब त्यसको पहिचान त्यसको अधिकारको लागि हामीले भर्खरै  कुरा गर्या हो तपाईहरु ठ्याक्कै आउनुभो भनेर एकदम राम्रोसँग हाम्रो केपी प्रधानमन्त्री हुँदाखेरि पनि त्यही भन्नुभयो हैन ? प्रचण्ड भएको बेला पनि गएका थियौं  सुरुमा त बाबुराम हुनुहुन्थ्यो त्यहाँको पालामा पनि त्यही भन्नुभयो हेर्नुहोस् अहिलेचाहिँ यो शेरबहादुर हुनुहुन्छ यो लकडाउनको बेला हो हामी गएको छैन नत्र हामी पटक-पटक डेलिकेसन जान्छौं यो महिला अधिकार यो  थारुहटको हैन ? उमा र यो हाम्रो मुक्त कमैयाको हामी सबै मिलेर जान्छौं । यो सुकुम्बासी अब हामीसँग पुँजी हुन्न सर हैन  ?  एक्लै जाउँ यस्तरी गरौं भनेर हामी सबैजना मिलेर उठाएर हैन ? अनि भनौँ सुकुम्बासी अनि मुक्तकमैया यी थरुहट हैन यी कमलरी हामी सबै मिलेर एकैचोटि जान्छौं त्यस्तरी अनि हामी आफ्नो एजेन्डा मुद्धाहरु लिएर त्यसरी डेलिकेसन जान्छौं । तर अहिलेसम्म सुनुवाइ चाहिँ केही पनि भएको छैन हाम्रो ।

यो थरुहट राज्यको जुन कुरा  छ नि होइन ? अनि तपाईले भन्न त अघि पनि भन्नु छ तर पनि म फेरि पनि शोध्छु है ?  किन चाहिँयो थरुहट राज्य छुट्टै ?

हजुर अब हेर्नुस् सर यो देउखुरीमा वास्तवमा थारूहरू एउटा आदीबासी हैन ? भन्छन् थारु जन्म यही भएको यही  बसाई  वर्षौदेखि पुर्खादेखि बसिरहेको हुनाले यहाँका मान्छेहरु धेरैजसो थारु छन् हैन ? अनि अब यहाँका हामी थारुहरु चाहिँ अब स्पष्ट बोल्न जान्दैन नेपाली भाषा हैन ?  अब पहाडे भनौ बाहुन क्षेत्री मगर कामी दमाइ यिनीहरु चाहिँ अब सधैं आफ्नो पहिलाबाट बोलिरहेको भाषा हो हैन ? त्यसले गर्दा उहाँहरुको चाहिँ आफ्नो भाषा नेपाली स्पष्टरुपमा बोल्नुहुन्छ । त्यहाँहरूको कुरा एकदम सहि आउँछ  हैन ? हामी अब भालुहरु एउटा भाषाले पनि फरक पर्न जान्छ के हामी थारुहरु भनौँ अब एकदम त्यो भाषै प्रष्ट बोल्न जान्दैन के अब मै बोल्न जानि राको छैन । बल्लबल्ल सरहरुसँग बोली राछु हैन ? त्यस्तै कुरा अनि हामी भाषा बोल्दाखेरि पनि अब चौधरीहरु एउटा थारुहरु भनौ  होइन एउटा मारम भन्ने शब्द आउँछ क्या त्यो मारम भन्ने शब्दलाई मारिहाल्छु भन्ने शब्द हैन । त्यो  पिट्छु भन्ने शब्द मात्र हो हैन मुखले त्यो म अहिले भर्खर मार्छु भन्छन् नि यो शब्द चाहिँ एउटा अहिले म हान्छु भन्ने कुरा हो र त्यही शब्द अब नेपाली भाषामा भन्दाखेरी अहिले म  मार्छु भनेसी त्यो मार्न लागेछ भन्या हुन्छ हैन ? त्यसपछि हाम्रो कुरालाई अब तिनीहरुले मार्छु भन्ने शब्दलाई चाहिँ त्यही मार्छु मैलगे के नेपाली भाषामै जुन अब हामी चौधरी थारुहरुको त्यही शब्दले हत्यारा बन्नुपर्यो हैन ? त्यही शब्दले वहाँहरुले चाहिँ  हान्छु भन्ने शब्द चाहिँ भएन हामी अब मार्छु भन्ने शब्दले हत्यारा बन्नुपर्ने हुन्छ त्यसले गर्दाखेरि भाषाले गर्दा पनि त्यस्तरी भनौ पछाडी परेको छ धेरै पछाडि परेकोमा यो एउटा देउखुरी पनि हाम्रो थारु समाज पनि हैन ? अब यो ठाउँमा हामी चौधरी हरु को  थारूहरूको राज्य भयो भने हैन हामी थारुहरु कै शब्द त्यहाँ छ नि त त्यही अघि मैले भने मारम र हानम भन्नेकुरा त्यही कुराले त्यो थारूहरूको राज्य आयो भने त कमसेकम त्यो छुट्याउँछन् नि हैन र ? त्यसले गर्दाखेरि हामीलाई थारु राज्य पनि अवश्यक छ हैन ? र धेरै कुरा पनि यहाँ छ के हजुरले अब यि के भन्छ यी र यिनै धेरै कुराले हामीलाई चाहिँ यहाँ राज्य हुनुपर्छ यो थारुहरुकै पहिला देखि चलिआएको ठाउँ हो हैन ? यहाँ धेरै थारूहरूको जनसंख्या छ ।एक किसिमले हाम्रो यो देउखुरीलाई राप्ती गाउँपालिकालाई हैन ?

यो अहिलेभर्खरै भनौं घोषणा गरिएको छ यो प्रदेशको राजधानी भनेर तब बल्ल मान्छेहरु यहाँ झरिरहेका छन् पहाडबाट अन्त अन्तबाट हैन ? अब कता-कताबाट आइरहेका छन् यहाँ बसाइँ सर्दै तर पहिला चाहिँ हाम्रो यो ठाउँमा एकदम धेरै भनेको चौधरी बासी मात्र थियो । त्यसपछि चौधरीहरू बस्ने गर्थे र केही जमिन्दारहरुको बसेको थियो । जमिन्दारहरु कति सालदेखि यहाँ बसे त्यो मलाई थाहा भएन होइन पहिले चाहिँ यदि धेरै पहाडीहरू यो ठाउँमा हुनुहुन्न थियो म सानो हुँदा खेरि यति धेरै पहाडी हुनुहुन्न थियो । हुनुहुन्थ्यो तर कम हुनुहुन्थ्यो तर यहाँ चाहिँ बढीभन्दा बढी चौधरीहरू हुनुहुन्थ्यो । त्यसले गर्दाखेरि हाम्रो यही मैले भनेँ नि यही भाषाले गर्दा पनि हाम्रो चाहिँ सबैभन्दा यहाँ थारुहरुले राज्य खोजेको हो ।

अनि यो तपाईले जुन माराम भनेर भन्नुभयो नि अनि त्यसको कुनै साँच्चिकै घटेको उदाहरण छ त ?

हुन्छ सर त्यस्तो त अब घटना त अब गाउँघरमा भइहाल्छ घट्छ हैन ? अब अन्त यताउति मुद्दा यताउति त अब म के जान्नु हैन ? त्यो ठूलो ठाउँको हैन ? यहीँ पनि हुन्छ तर हाम्रो यहाँ टोल विकासको अध्यक्ष यहाँको म हो त्यही कुराले अहिले मात्र उ भा छैन । दुई वर्ष अगाडि त पहिला हुन्थ्यो अब माराम शब्दले हामी चौधरीहरु चाहिँ अब कोही यता आ छन् केटाकेटी केहि अब उसको छोरीलाई उसको छोराले हान् दियो केही गर्यो भने अब माराम भन्थ्यो के अब माराम अब यहाँहरु आटे माराम भन्थे के त्यसपछि पहाडेले उहाँ गएर सम्बन्धित ठाउँमा भनम् यहाँका अब छिनो फानो गर्ने ठाउँमा गएर के कुरा भनिन्थ्यो । वहाँहरुले अब मार्ने भनेको छ भनेर फलाना फलानाको त्यो अब आमाले अथवा बाबुले अब माराम भन्या छ अहिले मार्ने हो रे । ल यसको चाहिँ अब छिनोफानो गर्दिनु पर्यो भन्ने कुरा चाहिँ त्यस्तरी हुन्थ्यो ।अहिले पनि अब भइरहेको छ यी शब्दले गर्दाखेरी हैन ? एउटा भाषाले गर्दाखेरि त्यस्तो धेरै हुन्थ्यो पहिला पहिला त यहीँ चौकीमा पनि यहीँ हाम्रो ईलाका प्रशासनमा पनि यो कुरा गाको त्यतिखेर म पनि गाथें पहिला सुरुमा टोल विकासज्यु बन्दाखेरी त्यही शब्दले गर्दा खेरि एकजना पुरुसले त्यहाँको यो पोल गाड्दा खेरी माराम भन्ध्या रहेछन् त्यहाँको उसलाई पहाडे बैनीलाई त्यसपछि त्यहाँले उहाँ गएर मुद्द हालेछ त्यसपछि लगेछ अर्को दिन त्यो दिन खुब पिटे छ त्यो पुरुषलाई त्यसपछि अर्को दिन हामी गएर छुट्टाएर ल्याएर आको यहाँले चाहिँ यस्तरी भन्नुभएको हो सर यो कुरा किन जिल्लामा वहाँ पठाउने हैन ? यो कुरा यहीँ मिलाउनुहोस् यो माराम शब्द अब हामी तपाईहरुकै भित्र पनि त चौधरी दाजुभाईहरु छन् हैन दिदीबहिनीहरुको पनि उहाँहरुलाई सोध्नुहोस् यो शब्दले के बताउँछ भन्ने कुरा गर्दै जाँदा खेरि उहाँले हुन्छ यस्तो अबचाहिँ नगर्नुहोला हुन त एक दुई झापड लाई दिनुभएको थियो रे । त्यही भएर माराम माराम भनेर त्यही माराम शब्दले गर्दा खेरि यसरी चाहिँ भएको हो हामीले आफै गएर अघि सर आउनु भाथ्यो त्यहाँ म गएर चाहिँ अहिले छुट्टाएर लिएर आको एकजना त्यहाँको दाई हुनुहुन्छ त त्यसले गर्दाखेरि हाम्रो समाज पनि चौधरी समाजहरू त्यस्तरी पछि परिरहेको छ यो भाषाले गर्दा खेरि पनि सर अब यी र यिनै हुन् ।

हुन्छ तपाईलाई अरु केही थप भन्न मन छ त ? तपाईको आफ्नो तेत्रो लामो जीवन यात्राबाट तपाई यहाँ सम्म आइपुग्न ुभएको छ अरु केही भन्न मन छ तपाईलाई अहिले ?

LOCM

अब त के भन्न छ र अब धेरैजसो दिदीबहिनीहरु सबैजना हैन शिक्षित भइसक्नुभएको छ पहिलाभन्दा अहिले अब हामी महिलाहरु धेरै पछाडि परेर बस्नु हुन्न आफ्नो अधिकारको लागि अगाडि जानुपर्छ । आफ्नो छर छिमेकीहरुलाई पनि सिकाउनुपर्छ त्यही हिसाबले हैन ? हामी महिलाहरु महिला भनेर पछाडि पर्ने हैन कि जे कुरा जान्या छ त्यो कुरा हामी समाजमा खुलेर बस्नुपर्छ हैन ? एकदम अनि हामी त्यसरी नै अब महिला महिलाको भावना पनि बुभ्नुपर्छ । महिला भएको नाताले मैले यति भनें ।

ल अब दुई तीन ओटा कुराहरु सुरुको म तपाईलाई सोध्छु है ? तपाई कहिले जन्मिनु भोरे ?

म २०४२ साल ६ महिना ६ गते जन्मेको ।

अनि तपाइको बुवाको नाम ?

महराज चौधरी हो ।

अनि तपाईको आमाको नाम के हो ?

समुन्द्री चौधरी ।

अनि तपाईको दिदी भाइबहिनीहरू हुनुहुन्छ कि हुनुहुन्न ?

मेरो बहिनीहरू हुनुहुन्छ दिदी त हुनुहुन्न एकजना दिदी हुनुहुन्थ्यो दिदी पनि पहिला मिना चौधरी नाम थियो ।

त्यहाँ धेरै अर्काको घरमा काम गर्नुभयो त्यही गर्दागर्दै दिदी चाहिँ बित्नुभयो । त्यै अर्काकै काम गर्दागर्दै बित्नु भो तेस्पछि बैनिहरु छन् ।तीनजना बहिनी छन् दुईजना बहिनी चाहिँ अलि पढेका छन् दुईजना बहिनी चाहिँ पढेका छैनन् हामी चारजना बहिनी मध्ये दुई जना चाहिँ अलि राम्रै पढ्या छन् भनम् ।

कहाँ हुनुहुन्छ उहाँहरु ?

एकजना बुटवल भैरहवा हो घर बहिनीको बिहे भर्खर परार भएको । एकजना चाहिँ मौरिघाटमा छ । तिनीहरू चाहिँ एकजना दिदी भैरहवा बिहे भएको दिदीले चाहिँ डिग्री पास गरेकी छ अर्कोचाहिँ यहाँ अब बाह्र भनौं कान्छि बहिनि हामीचाहिँ त्यस्तो पढ्या छैन । त्यै अर्काले अब काम गर्दै पढाइ दिएको त हो अब नाम लेख्ने किताब पढ्न सक्ने भयो त्यत्ति हो ।

अनि तपाईको श्रीमान् लाई चाहिँ तपाईंले कहाँ भेट्नुभयो कसरी भेट्नुभयो ?

मेरो श्रीमान चाहिँ यहीँ आउनुभएको थियो । काम गर्न त्यहाँ पनि यही हाम्रो मौरीघाटमा प्रभात घिमिरे भन्ने हुनुहुन्छ त्यहाँ हाम्रो जमिन्दार भनौं त्यहाँको घरमा काम गर्न आउनुभएको थियो म त्यहीँ थिएँ । त्यहाँकै हामीले पनि जग्गा जोतने गर्थौ । यहाँकै काम गर्ने गर्थ्यो त्यसरी नै भेट भएको हो ।

अनि लभ गरे ?

हजुर लभ परेर बिहे पनि भयो ।

भागेर बिहे गर्नुभएको हो?

हजुर भागेर बिहे भएको हो ।

अनि थारु समाजमा त्यसरी बिहे गर्दा केही समस्या भएन ?

समस्या त भाको थियो किन नहुने अब हैन अर्कै जातिसँग जाने अनि अब कहिले पनि नआउने पनि भन्थे ।अब अर्कै जातिसँग गईस् भनेर आयो भने अव खुट्टा भाच्छु भन्थे । अब धेरै कुरा समस्या त भयो अब त्यो पनि मिल्दै गयो । हामी  त्यसपछि यहाँ आएर बसिम्  यहीं गाउँपालिका भित्रै आएर अर्कै वडामा हैन ? यस्तरी बसे्म अनि  हामी अब केहि काम गर्दै जाँदा खेरी मलाई धेरै वर्ष त माइतीको मान्छेले राम्रो मान्दैन थियो । म जब अलि काम गर्दै गए राम्रो हुँदै गयो मान्छेसँग परिचित हुँदै  गए हैन ? त्यसपछि बल्ल मलाई राम्रो मान्न लागेको घरको मान्छेहरुले ।

कति वर्षपछि बोल्नुभयो परिवारमा ?

आमा त अलि धेरै वर्ष बोल्नुहुन्न थियो बुवा त बोल्नुभयो । बुवाको मन किनकि पहिला बाटै एकदम सबै कुरा बुझिसक्नु भएको थियो । यसले गर्दा बुवा त बोल्न आइरहनु हुन्थ्यो । बोल्नुहुन्थ्यो एकदम राम्रो गर्नुहुन्थ्यो बुवाले चाहिँ अरु दाजुभाइ भनौ या ठूलो बुवाका त्यहाँहरुले चाहिँ मलाई राम्रो गर्नु हुन्न थियो । अझै पनि पर्वते सँग  गाछे भन्छन् । यसले गर्दाखेरि त्यस्तो त अहिले गर्दैन । तैपनि त्यो भन्छन् भनौ अनि त्यस्तै बुवाको मन चाहे पहिल्यैदेखि राजनैतिक लागेकोले होला सायद  हैन ? बुझ्नु भाथ्यो जुन जातिसँग गएपनि काटेपछि रगत एउटै हो हामी सबै एउटै मान्छे हो आ-आफ्नै दुःख गरेर खाने हो भनेर बुवाले त्यसरी भन्नुहुन्थ्यो ।

हस् धेरै धेरै धन्यवाद यहाँले हामीलाई कति धेरै कुराहरु भन्दिनुभयो अब हाम्रो यही सिद्धाई दिउँ है ?

हुन्छ धन्यवात सर यहाँ सम्म आएर मेरो कुरा केही मैले आफ्नो  सेयर गर्न पाए हैन ? त्यसको लागि अब सरहरुलाई मिसहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आफ्नो कुरा गर्न पाएको हुनाले केही गल्ती भएमा क्षमा गर्नुहोला

धन्यवाद